# कानेपोखरी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

बयरवन, मोरङ

१ नं. प्रदेश, नेपाल

पत्र संख्या : २०७४/०७५

चलानी नम्बर : ५४९

मितिः २०७४/११/१६

विषय: गाडी भाडा लिने सम्बन्धी सूचना !

प्रथम पटक प्रकाशित मिति:२०७४/११/१६

कानेपोखरी गाउँपालिकाको चालु आ.व.२०७४/०७५ को असार मसान्त सम्मका लागि चार पांग्रे सवारी साधन **(4-Wheel)** भएको टाटा सुमो, बलेरो, स्करपियो थान १ भाडामा लिनु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्रमा तपसिल बमोजिमको शर्त र अधिनमा रही गोप्य शिलबन्दी प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ /

तपसिल:

१. गाडीको ब्लुबुक चालु आ.व.को नविकरण सहितको प्रतिलिपि -१
२. गाडी धनीको नागरिकताको प्रतिलिपि-१
३. गाडी चालकको लाईसेन्सको प्रतिलिपि-१
४. सवारी बिमा सम्बन्धी कागजातको प्रतिलिपि-१
५. कबोल रकम अङ्क र अक्षरमा स्पष्ट खुल्ने गरी केरमेट नगरिकन लेख्नु पर्ने छ /
६. चालक सहितको गाडीको सिट संख्या ८ (आठ) सिटको हुनु पर्ने छ /
७. कच्ची बाटो र पहाडी बाटोमा समेत सजिलै गुड्न सक्ने हुनु पर्ने छ /
८. सवारी साधन संचालन अवधिभर सवारी चालकले खाना र बासको व्यवस्था आफैं गर्नु पर्ने छ /
९. कस्तो किसिमको सवारी साधन भाडामा दिने हो स्पष्ट खुलाउनु पर्ने छ /
१०. गाडी भाडा दर: प्रति कि.मि., प्रति दिन र प्रति महिना के कतिमा दिने हो स्पष्ट खुलाउनु पर्ने छ /
११. ईन्धन आफै व्यवस्था गर्ने हो वा होईन, स्पष्ट खुलाउनु पर्ने छ /
१२. प्रतिलिटर ईन्धनबाट सवारी साधन कति किलोमिटर गुड्ने हो स्पष्ट खुलाउनु पर्ने छ /
१३. सवारी साधनको मर्मत सवारी धनी आफैले गर्नु पर्ने छ /
१४. यस सम्बन्धी कुनै कुरा बुझ्नु पर्ने भएमा यस कार्यालयको प्रशसन शाखामा बुझ्न सकिने छ /

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

नारायण न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

Phone No. 021-585001/021-585155,
Email: kanepokharirmun@gmail.com

Website : kanepokharimun.gov.np